**विषय कोड : ३३२१**

# NEB - GRADE XII
## 2083 (2026)
## ऐच्छिक नेपाली

**(रजिस्ट्रेसन नम्बरका सुरुका दुई अङ्क ७९, ८०, ८१ र ८२ भएका नियमित तथा आंशिक परीक्षार्थीहरूका लागि)**

*विद्यार्थीहरूले सकेसम्म आफ्नै शब्दमा उत्तर दिनुपर्ने छ । दायाँ किनारामा दिइएको अङ्कले पूर्णाङ्क जनाउँदछ ।*

**समय :- ३ घण्टा** **पूर्णाङ्क : ७५**

### समूह 'क'

**सबै** प्रश्नको उत्तर दिनुहोस् : [४×५=२०]

१. तलको कथांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

वर्षाले सङ्लोसित पखालेको चक्रपर्वत । आँखामा हरियो डाम बस्छ । जताततै हरियो । हरियो .... हरियो !

- चस्मा फिक न ...
  म चस्मा भिक्न खोज्छु । अहँ यो त म किमार्थ भिक्तिनँ ... । मलाई असजिलो हुन्छ ।
- किन र घाम छैन, टक छैन, फेरि किन चस्मा ... ?
- जे भए पनि म भिक्तिनँ । मलाई कर नगर यसमा ... अहँ जतिसुकै कर गरे पनि म तिम्रो यो कुरा मान्न सक्तिनँ । मैले भनैँ नि, मलाई असजिलो हुन्छ ।
- नलगाएर तिमीलाई असजिलो हुन्छ भने लगाएर मलाई असजिलो
- हेर हात यहाँ नल्याऊ है ... तिमीले भनेको अरू कुन कुरो मान्या छैन र मैले ? यो त हुँदैन । हुँदै हुँदैन ।
- त्यसो भए के राती पनि भिक्तैनौ त ?
- अहँ
- त्यसो भए के तिम्रो यौटा आँखा फुट्या छ .... !
- के कुरा गर्या तिमीले यो ... ल हेर ।

**प्रश्नहरू:**

(क) माथिको कथांशमा कुन दृष्टिविन्दुको प्रयोग भएको छ ? उदाहरण दिएर पुष्टि गर्नुहोस् । [१+२]

(ख) माथिको कथांशमा कस्तो भाषाशैली छ ? उदाहरण दिएर त्यसको पुष्टि गर्नुहोस् । [१+१]

२. दिइएको कवितांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

जहाँ
प्रत्येक पहाडको काखमा नदी
छातीमा छहरा
र निधारमा लेक हुन्छ ;

**क्रमशः**



जहाँ
ससाना नदीहरूमा पनि
तुफानी समुद्रको वेग हुन्छ

**प्रश्नहरू:**

(क) माथिको कवितांशमा प्रस्तुत शब्दशक्तिबारे लेख्नुहोस् । [२]

(ख) माथिको कवितांशको मूल भाव लेख्नुहोस् । [३]

३. तल दिइएको निबन्धांश पढी सोधिएका प्रश्नको छोटो उत्तर दिनुहोस् :

अस्तिसम्म नालुको जुत्ता लाएर आलु बेच्न जाने तालु खुइलिएको कालु साहुलाई अहिले ठालु भयो भन्दैमा महापुरुष कसरी भन्नु ? ... भन्ने तर्क पनि आउला, तर ऊ लघुपुरुष हुँदो हो त लक्ष्मीले कसरी पत्याउँथिन् । स्वाँठ भएर अरूलाई लछार्ने भए पनि, ट्वाँट पिएर सडकमा पछारिने भए पनि क्याँट हुने भए महाजन नै गनिन्छ । यसको क्याँट कताबाट कसरी बटुलियो भन्नेतिर किन सोचिरहुँ ? यसरी भित्र-भित्रका कुरा खोतल्ने हो भने कसकसका के-के देखिन्छन् के-के !

**प्रश्नहरू:**

(क) निबन्धांशमा कालु साहुका के कस्ता चारित्रिक कमजोरी प्रस्तुत गरिएको छ ? [२.५]

(ख) माथिको निबन्धांशमा प्रयुक्त भाषाशैलीबारे लेख्नुहोस् । [२.५]

४. तलको आत्मजीवनीको अंश पढी सोधिएका प्रश्नको छोटो उत्तर दिनुहोस् :

प्रत्येक मान्छेको जीवन जति जति बाँच्दै गयो उति उति अनुभवहरूको एउटा विशाल काव्य बन्दै जान्छ । यसै काव्यभित्र थुप्रिँदै गएका हुन्छन् सन्तुष्टि असन्तुष्टि, दुःख-सुखका तिता-मिठा असङ्ख्य संस्मरण र सम्झानाहरू । यी सम्पूर्ण संस्मरण र सम्झनाहरूलाई महासागरबाट एक एक थोपा पानी हत्केलामा लिए जस्तो मात्र लिन सकिन्छ, मात्र केही थोपाहरू, महासागर खन्याउन सकिँदैन । जीवनका टुक्रा टुक्रा पक्षहरूलाई अक्षरमा गाँस्नु अर्थात् कलमबद्ध गर्नु हो-संस्मरण लेख्नु ।

**प्रश्नहरू:**

(क) माथिको अंशमा के कस्तो जीवनवादी दृष्टिकोण प्रस्तुत गरिएको छ ? [२]

(ख) माथिको अंशमा मान्छेको जीवनलाई अनुभवहरूको विशालकाव्य किन भनिएको होला ? [३]

### समूह 'ख'

कुनै **तीन** प्रश्नको उत्तर दिनुहोस् : [३×५=१५]

५. कविताको विकासक्रम लेखी, प्राथमिक कालको वीर धाराका तीन विशेषताको वर्णन गर्नुहोस् । [२+३]

६. आधुनिक नेपाली कथाको चरण विभाजन गरी समसामयिक धाराका तीन विशेषताको चर्चा गर्नुहोस् । [२+३]

७. आधुनिक नेपाली नाटकको चरण विभाजन गरी मनोविश्लेषणात्मक धाराका नाटकका तीन विशेषता पहिल्याउनुहोस् । [२+३]

८. आधुनिक नेपाली निबन्धको चरण विभाजन गरी पहिलो चरणका निबन्धका तीन विशेषता उल्लेख गर्नुहोस् । [२+३]

**क्रमशः**

समूह 'ग'

कुनै **दुई**को सप्रसङ्ग व्याख्या गर्नुहोस् : [२×५=१०]

९. एकै उद्वेगमा धुनिया चमारको पोल्टाबाट खानेकुराको झोला खस्यो । झुपडी भत्क्यो । उसको जिउको अन्तरकुन्तरमा पानी नै पानी । ऊ रोयो ।

१०. हरेक विकल्प छ माटोको ऊसँग
त्यसैले द्रोह गर्छ माटोसँग
त्यसैले भेटी चढाउँछ
आफैँ शरण लिएको एक मुठी माटो
नुवाकोटको दरबारमा ।

११. मलाई केटाकेटी मनपर्छ । तिनको वरिपरि एक आभा हुन्छ, जीवनदायिनी र त्यसको उद्गम स्रोत हुन्छ एक क्षणिक ...
जिज्ञासाको ... ।

समूह 'घ' [१×६=६]

१२. 'इरफान अलि' कथाको प्रमुख छ घटनाहरूलाई क्रमबद्ध रूपमा प्रस्तुत गर्नुहोस् ।

अथवा

१३. 'मुनामदन' खण्डकाव्यका प्रमुख घटनाहरूलाई समेटी १५० शब्दमा लेख्नुहोस् ।

समूह 'ङ'

कुनै **तीन** प्रश्नको उत्तर दिनुहोस् : [३×८=२४]

१४. 'गोमन सर्प किन दुलोभित्र बस्छ ?' निबन्धमा निबन्धकारले निबन्धको अन्त्यतिर ... 'जनता सधैँ महानतातिर अग्रसर र तिनका शत्रुहरू शोषक, जाली, फटाहा, रकमी, लोफर र तिनका जुत्ताका तलुवा पैसामा बिक्ने भाते कुकुरहरू नीचताको निम्ति दुलोबाट भुक्छन् ।' भन्नुको तात्पर्य पुष्टि गर्नुहोस् ।

१५. 'मसान' नाटकले महिला हक र अधिकारका पक्षमा के कस्तो आवाज उठाएको छ ? नाटकका आधारमा समीक्षा गर्नुहोस् ।

१६. रने साँच्चिकै परिबन्दमा परेकै हो त ? 'परिबन्द' कथाका आधारमा पुष्टि गर्नुहोस् ।

१७. तलको कवितांशलाई छन्द र रसका आधारमा विश्लेषण गर्नुहोस् :
पर्थ्यो के जनमुक्तिको विजयश्री अध्यात्मदेखि तल
टर्थ्यो के बदला नलीकन त्यसै हाम्रो रगत्को भल
दिन्छौ पारि सखाप नै प्रतिक्रियावादीहरूको हठ
उम्लेको छ असह्य भै हृदयको हाम्रो व्यथा उत्कट